# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## सेवा आयोग

**आन्तरिक प्रतियोगितात्मक बढुवाद्धारा पदपूर्ति सम्बन्धी सुचना नं २/०७६-७७**

प्रथम पटक प्रकाशित मिति : २०७६/७/२९

पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान अन्तर्गत नर्सिङ्ग प्राज्ञिक, प्राविधिक र प्रशासन तर्फका विभिन्न समूह र उपसमूहमा सम्मानित लोक सेवा आयोगबाट प्राप्त सहमति अनुरुप निम्न रिक्त पदहरु आन्तरिक प्रतियोगितात्मक परीक्षाद्धारा बढुवा गर्न सम्बन्धित सेवा समूहमा सहायक तहको हकमा ३ (तिन) वर्ष र अधिकृत तहको हकमा ४ (चार) बर्ष स्थायी सेवा अवधि पूरा गरी योग्यता पुगेका एक तह मुनिका उम्मेदवारहरुले दरखास्त दिने अन्तिम मिति २०७६/०८/१९ गते सम्म र दोब्बर दस्तुर तिरी मिति २०७६/०८/२६ गतेसम्ममा पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान सेवा आयोगको कार्यालय, लगनखेल ५ ललितपुरमा बुधबार र शनिवार बाहेक बिहान १० बजे देखि बेलुकी ३ बजे सम्म दरखास्त आव्हान गरिन्छ। आवेदन फारम प्रतिष्ठानको वेवसाइट www.pahs.edu.np/service commission बाट डाउनलोड गर्न सकिनेछ। लिखित परिक्षा दस्तुर वापतको रकम लक्ष्मी वैक, लगनखेलमा रहेको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको खाता न. ००१८१०४०००००४५५ मा बुझाई सो को सक्कल भौचर र निम्न लिखित कागजातहरुको १/१ प्रति प्रमाणित प्रतिलिपी दरखास्त साथ पेश गर्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुनेछैन।

१. प्रवेशिका देखि माथिका विज्ञापित पद/तह सँग सम्बन्धित शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु
२. सम्बन्धित व्यवसायिक काउन्सिलमा नाम दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
४. प्रतिष्ठानको नियमानुसार अधिकृत तहको हकमा ४ बर्ष र सहायक तहको हकमा ३ बर्ष स्थायी सेवा अवधि पुगको भनी सम्बन्धित प्रमुखले गरेको सिफारिस सहितको पत्र
५. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो ३ प्रति
६. लोक सेवा आयोगद्धारा लिखित परिक्षा लिईनेछ। परिक्षा मिति, परिक्षाकेन्द्र र अन्य विस्तृत जानकारी सम्पर्क मिति तथा सेवा आयोगको वेभसाइट www.pahs.edu.np/service-commission मा हेर्न र पढ्न सकिनेछ।

| क सं | विज्ञापन नं | पदको नाम | समूह | उपसमूह | तह | माग संख्या | दरखास्त दस्तुर | आवश्यक न्यूनतम योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| **(क) नर्सिङ्ग प्राज्ञिक तर्फको** | | | | | | | | | |
| १ | ४४/०७६-०७७ | सहायक प्राध्यापक | चाइल्ड हेल्थ नर्सिङ्ग | | ९ 'ख' | १ | १६०० | स्नातकोत्तर | |
| २ | ४५/०७६-०७७ | सहायक प्राध्यापक | एडल्ट हेल्थ नर्सिङ्ग | | ९ 'ख' | १ | १६०० | | |
| ३ | ४६/०७६-०७७ | सहायक प्राध्यापक | हस्पिटल मिडवाईफरी नर्सिङ्ग | | ९ 'ख' | १ | १६०० | | |
| ४ | ४७/०७६-०७७ | वरिष्ठ प्रशिक्षण सहायक | नर्सिङ्ग | | ८ | १ | १६०० | सम्बन्धित बिषयमा स्नातक | |
| **आबश्यक थप योग्यता :-** **सहायक प्राध्यापक** :- (क) लेक्कचरर पदमा कम्तीमा दुई बर्ष काम गरेको, (ख) सम्बन्धित बिषयमा कम्तीमा दुई वटा लेख ख्याती प्राप्त वैज्ञानिक जर्नलमा प्रकाशन भएको जस मध्ये कम्तीमा एक प्रकाशन मुख्य लेखकको रुपमा रहेको। | | | | | | | | | |
| **(ख) प्राविधिक तर्फको** | | | | | | | | | |
| ५ | ४८/०७६-०७७ | जुनियर सुपरभाईजर | नर्सिङ्ग | | ८ 'ख' | १ | १४०० | स्नातक | |
| ६ | ४९/०७६-०७७ | नर्सिङ्ग ईन्चार्ज | नर्सिङ्ग | | ८ 'क' | १ | १४०० | | |
| ७ | ५०/०७६-०७७ | सिनियर स्टाफ नर्स | नर्सिङ्ग | | ७ | १ | १४०० | | |
| ८ | ५१/०७६-०७७ | स्टाफ नर्स | नर्सिङ्ग | | ६ | १२ | १००० | सम्बन्धित बिषयमा प्रमाणपत्र तह | |
| ९ | ५२/०७६-०७७ | वरिष्ठ ल्याब टेक्निसियन | ल्याबोरेटोरी विभाग | | ६ | १ | १००० | | |
| १० | ५३/०७६-०७७ | सि. पुस्तकालय सहायक | पुस्तकालय | | ५ | १ | १००० | | |
| ११ | ५४/०७६-०७७ | सि.अ.न.मी | नर्सिङ्ग | | ४ | १ | ८०० | अनमी उर्त्तिण | |
| **(ग) प्रशासन तर्फको** | | | | | | | | | |
| १२ | ५५/०७६-०७७ | प्रमुख प्रशासन अधिकृत | सामान्य प्रशासन | | ९ 'ख' | १ | १६०० | स्नातकोत्तर | |
| १३ | ५६/०७६-०७७ | प्रशासन अधिकृत | सामान्य प्रशासन | | ८ 'क' | १ | १४०० | स्नातक | |

सचिव
सेवा आयोग